जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ४/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १८९ २०८० साल फागुन १६ गते बुधबार (28 Feb. 2024 Wednesday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : 'ग्लोबल फन्ड' बाट सेभ दी चिल्ड्रेन्. ३ पृष्ठमा : 'विश्वविद्यालय थप्ने कि ... ३ पृष्ठमा कडा मौसमले मङ्गोलियामा..

# आठ करोड भन्दा बढीको बाँकी बक्यौता दिन आलटाल गरेको भन्दै दुध किसान आन्दोलित



**दैनिक समाचारदाता**
**राजविराज, १५ फागुन ।**

संर्घषरत दुग्ध व्यवसायी तथा दुध किसानहरुले विभिन्न ११ बुंदे मागसहित प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाएका छन् ।

राजविराजमा दुग्ध उत्पादक सहकारी संघ लि.को अगुवाईमा मंगलवार प्रर्दशनसहित दुग्ध व्यवसायी र किसानहरुले प्रमुख जिल्ला अधिकारी किरण थापालाई ११ बुंदे ज्ञापन पत्र बुझाएका हुन् ।

दुध वापतको भुक्तानी, मनपरी कायम गरिएको मूल्य खारेजी, भारतबाट अवैध रुपमा भित्रिरहेको दुध तथा दुग्धजन्य पर्दाथमा रोक लगायतका माग राखी उनीहरु आन्दोलित भएका हुन् ।

सयौंको संख्यामा सहभागी दुग्ध व्यवसायी र किसानहरुको जुलुस कृषि मन्त्री राजिनामा दे, भारतीय दुध आयात बन्द गर, लगायतका नाराबाजी गर्दै बजार क्षेत्रमा परिक्रमा गरेको थियो ।

ज्ञापन पत्रमा दुग्ध किसानहरुको सरकारी स्वामित्वमा रहेको विराटनगरस्थित दुग्ध विकास संस्थान वितरण आयोजना तथा अन्य नीजी डेरी उधोगहरुले विगत ८ महिना देखि ८ करोड भन्दा बढीको बाँकी बक्यौता दिन आलटाल गरेको भन्दै अविलम्ब भुक्तानी व्यवस्थाका लागी सरकार संग माग गरिएको छ ।

यस्तै विभिन्न बहानामा आफुखुशी कायम गरेको मूल्य खारेजी, दुग्ध व्यवसायी र किसानलाई पेशामा टिकाई राख्न सहुलित कृषि कर्जाको व्यवस्था, निर्यातित दुग्धजन्य पर्दाथमा अनुदानको व्यवस्था, सीमाक्षेत्रबाट अबैधरुपमा भित्रीरहेको दुध तथा दुग्धजन्य पदार्थमा रोक जस्ता माँग अघि सारिएको छ ।

यस्तै विमा दाबी भुक्तानीको सहज व्यवस्था, पशु आहारा आदीको ढुवानीमा ट्राफिक प्रहरीले दिने अनावश्यक दुःखको अन्त्य र किसानसँग रहेको दुध र दुग्धजन्य पर्दाथको अन्तराष्ट्रिय बजारसम्म पहुँचको व्यवस्था लगायतका माग पनि ज्ञापन पत्रमार्फत किसानहरुले अघि सारेका छन् ।

ज्ञापन पत्रमा पीडित किसानहरुले आन्दोलन कार्यक्रम सहित माँग पुरा नभए आन्दोलन चर्काउदै लैजाने चेतावनी समेत दिएका छन् । जसअनुसार फागुन १७ गते साँकेतिक रुपमा पूर्व पश्चिम राजमार्गको महुली सडक खण्डमा दुध पोखेर एक घण्टा चक्का जाम तथा फागुन २१ देखि काठमाडौं माईतीघर मण्डेलामा धर्ना तथा विरोध प्रर्दशनका कार्यक्रम तय गरिएको छ ।

ज्ञापन पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी थापाले तत्कालै सो ज्ञापन पत्र सम्बन्धित निकायलाई पठाई समस्या समाधानका लागी आफूले पहल गर्ने प्रतिबद्धता जनाएका थिए ।

# दोश्रो दिन पनि विष्णुपुरका सबै विद्यालयको पठनपाठन ठप्प

**दैनिक समाचारदाता**
**राजविराज, १५ फागुन ।**

एक वर्ष देखि तलब नपाएको भन्दै सप्तरीको विष्णुपुर गाउँपालिकाका आन्दोलनरत शिक्षक तथा विद्यालय कर्मचारीहरुले दोश्रो दिन मंगलबार पनि पालिका अन्तर्गतका सबै विद्यालय बन्द गरी धर्ना कार्यक्रमलाई निरन्तरता दिएका छन् ।

पालिका क्षेत्र भित्र रहेका सबै १८ वटै विद्यालयका शिक्षक र विद्यालय कर्मचारी अघिल्लो दिन सोमबारदेखि विद्यालय बन्द गरी गाउँपालिका कार्यालयको प्रवेशद्वारमा धर्ना वसेका हुन् ।

जसकारण विद्यालयको पठन पाठन मात्र नभई गाउँपालिका कार्यालयको दैनिकी कामकाज समेत प्रभावित बन्न पुगेको छ ।

विगत एक वर्षदेखि तलब नपाएका उनीहरुले बाँकि बक्यौता तलब नपाएसम्म काममा नफर्कने अडान लिएका छन् । विद्यालय कर्मचारी र शिक्षकद्वारा गठित संघर्ष समितिका सदस्य रुपकान्त मिश्रले माग पुरा नभए सम्म काममा नफर्किने निर्णय भएको सुनाए । पालिका भित्रको आन्तरिक विवादका कारण ५ मावि र १३ आधारभुत विद्यालयका करिब २ सय शिक्षक र विद्यालयका कर्मचारीहरुले एक वर्षदेखि तलब पाउन नसकेको उनको भनाई छ ।

लामो समयदेखि तलब पाउन नसक्दा कोही बैंकमा गरगहना बन्धकी राखेर त कोही जग्गा धितो राखेर ऋण लिई घर व्यवहार चलाउने गरेको शिक्षक रामचन्द्र साहले बताए ।

कार्यवहाक गाउँपालिका अध्यक्ष रेणु कुमारी यादवले शिक्षकहरुको तलब खुवाउन आफुले प्रमुख प्रशासकिय अधिकृत उज्जवल आनन्दलाई ४ महिना अघि नै अख्तियारी दिइ सकेपनि उनी विभिन्न कारण देखाई चेक काट्न आलटाल गर्दै आएको बताईन ।

केही समय अघि सम्पन्न गाउँसभामा केही कानुनी जटिलताका कारण प्रमुख प्रशासकीय अधिकृतले आर्थिक कारोबारमा हात हाल्न आलटाल गर्दै आएको जनप्रतिनिधीहरु बताउँछन् ।

गाउँसभा बारे अन्यौलता र जनप्रतिनिधी बीचको आन्तरिक किचलोका कारण अस्तब्यस्त बनेको पालिका कार्यालयमा प्रमुख प्रशासकिय अधिकृत आनन्द पनि कहिले काही मात्र आउने गरेको कर्मचारीहरु बताउँछन् ।

शिक्षकहरुले दुई दिन अघि र गत मंसिर ७ गते तलबका विषयमा गाउँपालिका कार्यालय र जिल्ला प्रशासन कायाँलयमा एक ज्ञापन पत्र पनि बुझाएका थिए । तर सो उपर कुनै सुनवाई नभएकाले बाध्य भई विद्यालय नै बन्द गरी आन्दोलनमा उत्रिनु परेको उनीहरुले बताएका छन् ।

विष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेश प्रसाद यादव र लेखापाल टेक नारायण यादव हाल निलम्बीत अवस्थामा छन् । एक घुस प्रकरणमा मुछिएर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीहरु बिरुद्ध विषेश अदालतमा आरोप पत्र दायर गरेपछी उनीहरु निलम्बित भएका हुन् ।

# शिक्षा क्षेत्रलाई सुधार गर्नेतर्फ सप्तरी युथको ध्यानाकर्षण



**दैनिक समाचारदाता**
**राजविराज, १५ फागुन ।**

जिल्लाको शिक्षा क्षेत्र दिनप्रतिदिन धरासायी बन्दै जानु चिन्ताको बिषय भएको भन्दै सप्तरी युथ नेपालले शिक्षा क्षेत्रलाई सुधार गर्नेतर्फ प्रमुख जिल्ला अधिकारीको ध्यानाकर्षण गराएको छ ।

युथ नेपालले मंगलबार प्रमुख जिल्ला अधिकारी किरण थापालाई ज्ञापन पत्र बुझाउँदै उक्त ध्यानाकर्षण गराएको हो ।

'सरकारी शिक्षा स्थानीय तहको जिम्मा लगाइएपछि राम्रो हुने अपेक्षा सबैले गरेका थिए । तर, झन् बर्बादतर्फ उन्मुख भइरहेको कुरालाई नकार्न सकिन्न' ज्ञापनमा भनिएको छ, 'पछिल्ला दृष्टान्तहरु हेर्ने हो भने विद्यालयको अनुगमन नहुने, शिक्षक र विद्यार्थीको समयमा विद्यालयमा उपस्थिति नहुने क्रम बढेको छ । अर्कोतर्फ पालिकाले समयमा शिक्षक, कर्मचारीको तलव नदिने अवस्था समेत देखिएको छ । यसले सामुदायिक शिक्षा अझ कमजोर बन्दै गएको अवस्था छ ।'

*बाँकी तीन पृष्ठमा*

रक्तदान गरौं, स्वस्थ जीवन बिताऔं

- तपाईं हामीले दिएको एक युनिट रगतले तीनजनासम्मको ज्यान बच्न सक्दछ,
- हरेक स्वस्थ व्यक्तिले तीन-तीन महिनामा रक्तदान गर्न मिल्दछ,
- १८ वर्षदेखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान दानमध्ये सबैभन्दा ठूलो दान अर्थात् जीवन दान हो,
- प्रयोगमा नआएको रगत सम्बन्धित ठाउँमा फिर्ता गरौं

आफूले पनि रक्तदान गरौं, अरुलाई पनि रक्तदान गर्न प्रेरित गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### आफै सचेत भई दुर्घटनाबाट जोगौं

कुनै पनि सवारीसाधन चलाउँदा जहिले पनि आफै सचेत हुनु पर्ने हुन्छ। सवारीसाधन चलाउन आफै सचेत भए सम्भावित दुर्घटनाबाट केही हदसम्म बच्न सकिन्छ। सचेत नभएर सवारी चलाउँदा दुर्घटना हुने जोखिम बढी हुन्छ। हुनत दुर्घटना भनेकै भवितब्य हो। दुर्घटना कहिले कसरी हुन्छ भन्ने कुरा कसैले बुझेको हुँदैन्।

सप्तरी जिल्लामा सडक दुर्घटनाको तथ्याङ्क ओरालोको साटो उकालो लाग्दै गएको छ। दुर्घटना हुने बित्तिकै जहिले पनि चालककै लापरवाहीलाई बुझ्ने गरिन्छ। दुर्घटना हुने अनेकौं कारण हुन सक्छ। कहिलेकाही बाटोघाँटोको समस्याले पनि हुने गर्दछ। यी बाहेक बढी सवारी दुर्घटना अत्याधिक गतिका साथै मोवाइलमा कुरा गर्दै तथा मादक पदार्थ सेवन गरि चलाउने गरेको पाइएको छ। जिल्लाका अधिकांश सडकहरु निर्माण वा मर्मतका क्रममा रहेका छन्। त्यसमा पनि निर्माण भइसकेका सडकहरुमा बढी दुर्घटना हुने गरेको छ। बढी गतिमा सवारी चलाउने कारणले उक्त दुर्घटना हुने गरेको पाइएको छ।

प्रहरीले भने चालकको लापरवाहीका कारण बढी दुर्घटना हुने गरेको बताउँदै आएको छ। यसका लागि आफै सचेत हुनु आवश्यक छ। कहिले काँही आफू सचेत रहँदा रहँदै पनि अचानक दुर्घटना हुन पुग्छ। तसर्थ सवारीको गति नियन्त्रणदेखी लिएर आफ्नो साइडमा चलाउन सकिए दुर्घटनालाई न्युनिकरण गर्न सकिन्छ। यद्दपी सावधानीपूर्वक सवारीसाधन चलाउनु नै दुर्घटनाबाट बच्न सकिने एउटा उत्तम माध्यम हो।

# 'ग्लोबल फन्ड' बाट सेभ दी चिल्ड्रेन बाहिरियो

काठमाडौँ, १५ फागुन (रासस)। ग्लोबल फन्डको अनुदानमा सञ्चालन हुने एचआइभी र क्षयरोग कार्यक्रमको प्राप्तिकर्ता सेभ दी चिल्ड्रेनलाई नबनाउने निर्णय भएको छ।

सोमबार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा बसेको सिसिएम (कन्ट्री कोअर्डिनेटिङ मेकानिज्म) को एक सय ३०औँ बैठकले ग्लोबल फन्डको सहयोगमा सञ्चालन हुने एचआइभी र क्षयरोगका कार्यक्रमका लागि नेपाल सरकार र गैरसरकारी क्षेत्रबाट संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम(युएनडिपी)लाई प्राप्तिकर्ता (प्रिन्सिपल रेसिपिएन्ट) छान्ने निर्णय गरेको हो।

एचआइभी, क्षयरोग र मलेरिया कार्यक्रम सञ्चालन गर्न सिसीएमा मार्फत ग्लोबल फन्डले यसअघि नै नेपाल सकार स्वास्थ्य मन्त्रालयलाई प्रमुख प्राप्तकर्ता बनाउनु निर्णय भइसकेको थियो भने गैरसरकारीतर्फ निर्णय हुन बाँकी थियो।

सिसीएमका १७ सदस्यमध्ये ११ जनाले एचआइभी र क्षयरोग कार्यक्रम सञ्चालन गर्न गैरसरकारी संस्थातर्फ युएनडीपीलाई प्रिन्सिपल रेसिपिएन्ट (प्राप्तिकर्ता) छान्ने निर्णय गरेका हुन्। मतदानमा चार सदस्य अनुपस्थित थिए भने दुईजनाले विपक्षमा मत हालेका बताइएको छ।

विसं २०२४ देखि २०२७ सम्म ग्लोबल फन्ड कार्यक्रम सञ्चालन गर्न गैरसरकारीतर्फ प्रस्तावना आह्वान गर्दा सेभ दी चिल्ड्रेन र युएनडीपीलाई छोटो सूचीमा समावेश गरिएको थियो। सोही सूचीलाई आधार मानेर एक सय ३०औँ बैठकले मतदानमार्फत निर्णय गरिएको हो।

अब ग्लोबल फन्डले सिसीएमले गरेको निर्णयका आधारमा नेपाल सरकार, स्वास्थ्य मन्त्रालय र गैरसरकारी संस्थाका रूपमा युएनडीपीलाई प्रिन्सिपल रेसिपिएन्ट (प्राप्तिकर्ता) छान्ने निर्णय गर्ने हो। मलेरियाको कार्यक्रम सञ्चालनका लागि ग्लोबल फन्डले नेपाल सरकारलाई प्रिन्सिपल रेसिपिएन्ट बनाउने पहिले नै निर्णय भइसकेको थियो।

ग्लोबल फन्डले एचआईभी र क्षयरोग कार्यक्रम सञ्चालन गर्न सरकारलाई साझेदार गैरसरकारी संस्थामध्ये सेभ दी चिल्ड्रेन र युएनडीपीमध्ये एकलाई छान्नुपर्ने सर्त राखेको थियो। विगत नौ वर्षदेखि सेभ दी चिल्ड्रेनलाई ग्लोबल फन्डले प्रिन्सिपल रेसिपिएन्टका रूपमा काम गर्दै आइरहेको छ।

सेभ द चिल्ड्रेनले नै ग्लोबल फन्डबाट प्राप्त गरेको अनुदान रकम एचआईभी, क्षयरोग र मलेरियाका कार्यक्रम एकलौटी ढङ्गले सञ्चालन गर्दै आइरहेको थियो।

ग्लोबल फन्डले नेपाललाई दिएको अनुदानमा सेभ दी चिल्ड्रेनले मनपरी गरिरहेको गुनासो बढेपछि मन्त्री मोहनबहादुर बस्नेतले नेपाल सरकार आफैँ प्रिन्सिपल रेसिपिएन्ट हुनुपर्ने अडान राखेको मन्त्रीको सचिवालयले जानकारी दिएको छ।

सिसीएमको अध्यक्षता मन्त्रालयको सचिव हुने व्यवस्था छ। स्वास्थ्य सचिवले गरेको प्रस्तावमा सिसीएमका सदस्यहरूले मतदान गरेको सचिवालयले जनाएको छ। अब यसको विषयमा सिसीएमले छिट्टै ग्लोबल फन्डलाई जानकारी दिने र त्यसकै आधारमा अर्को चरणको ग्लोबल फन्डको सहयोग राशि नेपाल सरकारले प्राप्त गर्नेछ बताइएको छ।

सन् २०१५ देखि हालसम्म सेभ दी चिल्ड्रेनले ग्लोबल फन्डमार्फत करिब २१ अर्बभन्दा बढी रकम प्राप्त गरिसकेको छ। उक्त अनुदानको सदुपयोग नभएको गुनासो सरोकारवालाको छ। ग्लोबल फन्ड विभिन्न देशमा एड्स, क्षयरोग र मलेरियाजस्ता रोगहरूबाट वर्तमान तथा भावी पिँढीमा हुने प्रभावलाई घटाई मानिसको जीवनरक्षा गर्ने उद्देश्यले गठित एक अन्तर्राष्ट्रिय वित्तीय संयन्त्र हो।

सेभ दी चिल्ड्रेनले ग्लोबल फन्डको अनुदानमा अनियमितता गरेको गुनासो बढेपछि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले ग्लोबल फन्डको अनुदानको प्रभावकारिता अध्ययन गर्न डा टङ्क बाराकोटीको संयोजकत्वमा कार्य सम्पादन मूल्याङ्कन समिति गठन गरेको थियो। उक्त समितिले पनि सेभ दी चिल्ड्रेनले प्राप्त अनुदानको सही सदुपयोग नगरेको निष्कर्ष निकालेको थियो। अर्को चरणको कार्यक्रम सञ्चालनका लागि ग्लोबल फन्डले नेपाललाई करिब रु ६ अर्ब अनुदान दिनेछ।

# साउनयता विद्युत् वितरणतर्फका नौ सबस्टेसन सञ्चालनमा

काठमाडौँ, १५ फागुन (रासस)। नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्षको साउनयता विद्युत् वितरणतर्फका नौ वटा सबस्टेसन निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याएको छ।

प्राधिकरणले विद्युत् ग्रीड सबस्टेसनबाट वितरण सबस्टेसनसम्म विद्युत् पुर्‍याउन र वितरण सबस्टेसनबाट उपभोक्ताकोसम्म विद्युत् पुर्‍याउन ३३ तथा ११ किलोभोल्ट (केभी) र ४०० भोल्टका प्रसारण लाइन पनि निर्माण गरी सञ्चालनमा ल्याएको छ। साथै, वितरण ट्रान्सफर्म पनि जडान गरिएको छ।

साउनदेखि हालसम्म वितरणतर्फका ३३/११ केभी क्षमताका नौ वटा वितरण सबस्टेसन निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइएको हो। यसबाट सबस्टेसन निर्माण क्षेत्रको विद्युत् आपूर्तिमा सुधार हुनुकासाथै चुहावट पनि घटेको प्राधिकरणले जनाएको छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले उपभोक्तालाई भरपर्दो, गुणस्तरीय, पर्याप्त र सुरक्षित विद्युत् उपलब्ध गराउन देशभरी नै वितरणतर्फका प्रसारण लाइन र सबस्टेसन निर्माण अभियानकै रूपमा चलिरहेको बताउनुभयो।

"विद्युत् नपुगेका ठाउँमा विद्युतीकरण गर्न र पुगेका ठाउँको आपूर्तिलाई सुधार गर्न वितरण प्रणालीको विस्तार र सुदृढीकरण व्यापक रूपमा गरिरहेका छौँ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो, "सङ्घीय राजधानी काठमाडौँ उपत्यकासहित देशका प्रमुख सहरहरू तथा औद्योगिक क्षेत्रमा विद्युत् आपूर्तिलाई भरपर्दो तथा गुणस्तरीय र भविष्यमा बढ्ने मागलाई सन् २०५० को समयमीमा निर्धारण गरी उच्चस्तरको भरपर्दो र विश्वसनीय विद्युतीय भार बोक्न सक्ने प्रसारण र वितरणतर्फका लाइन र सबस्टेसनहरू चरणबद्ध रूपमा निर्माण अगाडि बढाइसकेका छौँ।"

घिसिङले यसका लागि अहिले सञ्चालनमा रहेका प्रसारण तथा वितरण लाइन र सबस्टेसनको स्तरोन्नति तथा सुदृढीकरण र नयाँ प्रसारण लाइन र सबस्टेसनको निर्माण सुरु गरिएको बताउनुभयो।

प्राधिकरणले इलामको पश्चिम क्षेत्र र पाँचथरमा विद्युत् आपूर्तिका लागि ३३/११ केभीको चिसापानी सबस्टेसन, मकवानपुरको बागमती तथा बकैया गाउँपालिकामा विद्युत आपूर्तिका लागि क्षतिवन सबस्टेसन, म्याग्दीको मङ्गला, मालिका तथा धौलागिरी गाउँपालिकामा विद्युत् आपूर्तिका लागि दरबाङ सबस्टेसन र नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)को बुलिङटार गाउँपालिका क्षेत्रमा विद्युत् आपूर्तिका लागि बोझपोखरी सबस्टेसन निर्माण गरी सञ्चालनमा ल्याइएको छ।

नेपाल सरकार तथा प्राधिकरणको लगानी र एशियाली विकास बैंकको सहुलीयतपूर्ण वितरण प्रणाली सुदृढीकरण तथा विस्तार आयोजनामार्फत सबस्टेसन निर्माण गरिएको हो। आयोजनाअन्तर्गत देशभरी २५ वटा नयाँ सबस्टेसनको निर्माण र १२ वटा सबस्टेसनको स्तरोन्नति तथा वितरण सञ्जाल निर्माण अगाडि बढाइएको थियो। कूल २५ वटा सबस्टेसनमध्ये पाँच वटाको निर्माण अन्तिम चरणमा छ भने सबस्टेसनहरूको स्तरोन्नति सम्पन्न भइसकेको छ।

विश्व बैंकको ग्रीड सोलार तथा ऊर्जा दक्षता परियोजनामार्फत प्राप्त सहुलितपूर्ण ऋणमा मकवानपुरको मनहरी, सिन्धुलीको दुधौली, दोलखाको नाम्दु ललितपुरको उनिचौरमा वितरणतर्फको ३३/११ केभी सबस्टेसन निर्माण गरी सञ्चालनमा ल्याइएको छ।

त्यस्तै, विश्व बैंककै सहुलितपूर्ण ऋणमा रामछापको बाम्तीमा वितरण सबस्टेसन निर्माण गरिएको छ। उक्त सबस्टेसनहरूसम्म पुग्ने ३३ केभी प्रसारण लाइन र त्यहाँबाट विद्युत आपूर्तिका लागि लाइनहरू पनि निर्माण गरी सञ्चालनमा ल्याइएको छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# ‘विश्वविद्यालय थप्ने कि भएकालाई राम्रो बनाउने ?’

काठमाडौं, १५ फागुन (रासस)।

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको मंगलबारको बैठकमा नयाँ विश्वविद्यालय थप्दै जाने कि भएका विश्वविद्यालयलाई गुणस्तरीय र व्यवस्थित बनाउने भन्नेमा सांसदहरूबीच मतान्तर देखिएको छ ।

राष्ट्रियसभामा उत्पत्ति भएको ‘नेपाल विश्वविद्यालयका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९’ मा प्रतिनिधिसभामा राखिएका संशोधनका विषयमा मंगलबारका लागि राखिएको छलफलमा कतिपय सांसदले नयाँ विश्वविद्यालय आवश्यक हो होइन ? नेपाल विश्वविद्यालय खोल्न सम्भाव्यता अध्ययन भएको छ या छैन ? नयाँ विश्वविद्यालय खोल्दैमा शिक्षाको गुणस्तर बढ्छ ? भन्ने प्रश्न गर्नुभएको छ ।

कतिपय सांसदलेसरकारले आवश्यकता ठानेर विधेयक ल्याएको र राष्ट्रियसभाबाट प्रतिवेदन प्राप्त भइसकेकाले विधेयक आवश्यक छ या छैन भने प्रश्न गर्नु उचित नभएको तर्क गर्नुभयो । सांसदहरूले युवालाई नेपालमै रोजगारी दिनसक्ने विश्वविद्यालय मात्रै आवश्यकता रहेकामा जोड दिनुभएको थियो ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राई, विज्ञहरू, शिक्षा मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि सहभागी बैठकमा विज्ञहरूले नयाँ विश्वविद्यालय खोल्न प्रोत्सहान गर्दा यसले प्रतिस्पर्धा र नयाँपन ल्याउने धारणा राख्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद रघुजी पन्त र राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद सुमना श्रेष्ठले नयाँ विश्वविद्यालय खोल्नुको औचित्य स्पष्ट भएपछि मात्रै विधेयकमाथि छलफल गर्नु वाञ्छनीय हुने बताउनुभयो । नेपाली कांग्रेसका जीवन परियार र नेपाल कम्युनिष्ट पाटी (माओवादी केन्द्र)का देवेन्द्र पौडेलले विधेयक प्रस्तुत भइसकेकाले यसको आवश्यकता हो/होइन भनेर विषयान्तर गर्नु उचित नहुने तर्क गर्नुभयो ।

शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीप र रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम जनशक्ति उत्पादन गर्न सो विश्वविद्यालय खोल्न सरकारले प्रस्ताव गरेको हो ।

सो विश्वविद्यालयको पूर्वाधार विकास समितिका अध्यक्ष डा अर्जुन कार्कीले अन्तरविधात्मक अवधारणा (लिवरल आर्ट)सँग सम्बन्धित विधामा गैह्रसरकारी क्षेत्रको सार्वजनिक अध्ययन, अध्ययन तथा अनुसन्धानमार्फत् मुलुकको समृद्धिका लागि टेवा दिन यो विश्वविद्यालय सक्षम हुने विश्वास दिलाउनुभयो ।

काठमाडौँ विश्वविद्यालयको स्कुल अफ एजुकेसनका डिन प्रा डा बालचन्द्र लुइँटेलले कुनै पनि मुलुकको विकास र जनशक्तिको आवश्यकताको मूल्याङ्कनका आधारमा नयाँ विश्वविद्यालय स्थापना हुने बताउँदै विद्यार्थीले खोजेका विषयमा गुणस्तरीय शिक्षा र रोजगारी दिन सकेमा विदेश जानेमध्ये ३० प्रतिशत विद्यार्थी टिकाउन सकिने जनाउनुभयो ।

स्वशासित र स्वायत्त हुने सो विश्वविद्यालयमा नेपाल सरकारको आर्थिक दायित्व नपर्ने विधेयकमा उल्लेख छ । विधेयकमा ३६ सांसदले दिएका संशोधनमाथि आगामी बैठकमा छलफल हुने समितिका सभापति भानुभक्त जोशीले जानकारी दिनुभयो ।

### *शिक्षा क्षेत्रलाई ...*

सामुदायिक विद्यालयको अलाबा प्लस टू र कलेजहरुमा पनि पढाई भइनरहेको ज्ञापनमा भनिएको छ । ‘कतिपय ठाउँमा शिक्षकको चरम अभाव छ, भएको ठाउँमा पनि नियमित पढाई भइरहेको छैन’ ज्ञापनमा भनिएको छ, ‘कतिपय कलेजमा त जथाभावी घरमा बसिरहने व्यक्तिको पनि नाम दर्ता गराई परीक्षामा मात्रै सामिल गराउने काम भइरहेको छ ।’

शिक्षा क्षेत्रमा देखिएका यस्ता समस्या समाधान गर्न अभिभावकको नाताले ध्यान दिन प्रमुख जिल्ला अधिकारीसँग आग्रह गरिएको छ ।


दर्ता नं. ११/०६८/०६९

## जनज्योति कृषि सहकारी संस्था लिमिटेड

मुख्य कार्यालय मलेठ-९ , सप्तरी

मिति : २०८०/११/१३

## ऋण बुझाउने ३५ दिने सार्वजनिक सुचना

यस जन ज्योती कृषि सहकारी संस्था लि. राजबिराज ९ मलेठ सप्तरीबाट बिभिन्न मिति तथा उंद्धेश्यमा ऋण लिएको तपशिलका सदस्यहरुले भाखा म्याद भित्र ऋण रकमको साँवा, सो साँवाको लाग्ने व्याज तथा हर्जना रकम नबुझाएकोले निजहरुलाई पटक पटक मौखिक तथा लिखित पत्राचार गरि सकिएको तत्पश्चात पनि ऋण नबुझाई अटेर गरेको हुदाँ निजहरुलाई ऋण बुझाउन आउन ३५ दिने अन्तिम पटक सार्वजनिक सुचना जारी गरिएको छ । उक्त समय भित्र ऋण बुझाउन हुन सुचित गरिन्छ । सो नगरिएमा सहकारी ऐन २०७४ को दफा ७९, ८३ र सहकारी नियमावली २०७५ को दफा ३० र संस्थाको विनियम २०६८ बमोजिम निजहरुले लेखि दिएको धितो जमानत लिलाम बिक्री गरी असुल उपर गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| क्र.स. | ऋणीको नाम | वुवा/पति | बाजे/ससुरा | ठेगाना | ऋणको उद्देश्य |
|---|---|---|---|---|---|
| १. | सत्य नारायण चौधरी | आनन्द लाल चौधरी | राम किसुन चौधरी | रुपनी १ | व्यापार कर्जा |
| २. | चन्नेश्वरी देवी यादव | प्रमेश्वर यादब | रामेश्वर यादव | महदेवा १, पकरी | कृषि कर्जा |
| ३. | मासुल मियाँ | भोलाई मियाँ | सुनर मियाँ | शम्भुनाथ १२, कुशहा | कृषि कर्जा |
| ४. | दिनेश यादव | मुनर यादव | लोलाई यादव | राजजिराज ६, खर्साल | कृषि कर्जा |
| ५. | गिता यादव | मुनर यादब | लोलाई यादव | राजविराज ६ खर्साल | व्यापार कर्जा |
| ६. | उर्मिला कुमारी चौधरी | चन्द्र नारायण चौधरी | बुधन दास चौधरी | अग्निसाईर कृष्णा सवरण ३ | कृषि कर्जा |
| ७. | अनारवती देवी नोनिया | बुधेश्वर नोनिया | भिषण नोनिया | राजविराज ९ | व्यापार कर्जा |
| ८. | राम प्रसाद दास | राधा दास | मरुवा दास | रुपनी ५ | व्यापार |
| ९. | धर्म नारायण दास | रुन्दी दास | नेति दास | जमुनी मधेपुरा १ | व्यापार |


## विश्व समाचार

# कडा मौसमले मङ्गोलियामा २१ लाख पशु मरे

उलान बाटोर, १५ फागुन (रासस/सिन्ह्वा)।

‘जुड’ नामक अत्यधिक चिसोले मङ्गोलियामा यो जाडो मौसममा अहिलेसम्म २१ लाखभन्दा बढी पशु मरेको राज्य आपत्कालीन आयोग (एसइसी) ले मङ्गलबार बताएको छ ।

“आजसम्म मुलुकभर जुडका कारण कम्तीमा २१ लाख ३६ हजार पाँच सय तीन पशु मरेका छन्”, एजेन्सीले भनेको छ । उक्त आँकडा अघिल्लो वर्षको तुलनामा ८५ प्रतिशतले बढी हो ।

जुड अत्यधिक चिसो अर्थ दिने मङ्गोलियाली शब्द हो । अत्यधिक चिसोले जमिन जमेको वा हिउँले ढाकिएका कारण ठूलो सङ्ख्यामा पशु मर्ने गर्छन् ।

मुलुकको मौसम अनुगमन एजेन्सीका अनुसार मङ्गोलियामा यो वर्षको जाडोमा सामान्यभन्दा धेरै हिमपात भएको छ । मुलुकको ८० प्रतिशतभन्दा धेरै भूभाग अहिलेसम्म एक सय सेन्टिमिटरसम्म बाक्लो हिउँले ढाकेको छ ।

विश्वको अन्तिम जीवित फिरन्तेहरूको मुलुकमध्ये एकका रूपमा मङ्गोलियाले हालै कडा चिसो र पशुधनको क्षतिका कारण आफ्नो प्रकोप तयारीलाई उच्च सतर्कतामा राखेको छ ।

भूपरिवेष्ठित मङ्गोलियाको खानीमा निर्भर अर्थतन्त्रमा विविधता ल्याउन पशुपालनलाई प्रवर्द्धन दिनु सबैभन्दा व्यावहारिक तरिका मानिन्छ । राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार सन् २०२३ को अन्त्यमा मङ्गोलियामा पशुधनको सङ्ख्या छ करोड ४७ लाख थियो ।

# राष्ट्रसंघीय अदालतमा प्यालेस्टिनी भूमिमा इजराइली कब्जाबारे सुनुवाइ पूरा

दि हेग, १५ फागुन (रासस/सिन्ह्वा)।

अन्तर्राष्ट्रिय अदालत (आइसिजे) ले सोमबार प्यालेस्टिनी क्षेत्रमा इजराइली कब्जाको कानूनी परिणामबारे सार्वजनिक सुनुवाइ पूरा गरी यसबारे छलफल सुरु गरेको छ ।

आइसिजेका अध्यक्ष नवाफ सलामले आफ्नो समापन टिप्पणीमा सार्वजनिक बैठकमा सल्लाहकार राय पठाइने र यसको मितिको घोषणा उचित समयमा गरिने जानकारी दिनुभयो । आगामी वर्ष वा सम्भवतः यसै वर्षको अन्त्यमा फैसला आउने अपेक्षा गरिएको छ ।

राष्ट्रसङ्घीय महासभाले अनुरोध गरेको सुनुवाइमा प्यालेस्टिन, राष्ट्रसङ्घका ४९ मुलुक र तीन अन्तर्राष्ट्रिय सङ्गठनले मौखिक बयान प्रस्तुत गरेको आइसिजेले सोमबार प्रेस विज्ञप्तिमा जनाएको छ ।

गत सोमबारदेखि सुनुवाइमा भाग नलिई इजराइली प्रधानमन्त्री कार्यालयले विज्ञप्ति जारी गरी इजराइलको अस्तित्व र आत्मरक्षाको अधिकारलाई थप कमजोर बनाउने प्रयास गरेको आरोप लगाउँदै सुनुवाइको वैधानिकतालाई अस्वीकार गरेको छ ।

प्यालेस्टिनको बयानसँगै सुनुवाइ सुरु भएको हो । प्यालेस्टिनी विदेशमन्त्री रियाद अल-मलिकीले धेरै प्यालेस्टिनीको हत्या भएको वा उनीहरूलाई शरणार्थी बन्न बाध्य पारिएको र आफ्नो भूमि तथा घरमा फर्किने अधिकारबाट वञ्चित गरिएको भन्दै अन्तर्राष्ट्रिय कानूनअन्तर्गत इजराइलले तुरन्त र बिनाशर्त उसको ‘अवैध’ कब्जालाई अन्त्य गर्नुपर्ने बताउनुभयो ।

राष्ट्रसङ्घका लागि प्यालेस्टिनी राजदूत रियाद मन्सुरले आइसिजेले आफ्नो फैसलामा कब्जाको तत्काल अन्त्य गर्न र ‘न्यायसङ्गत र स्थायी शान्ति’ हासिल गर्न मार्ग प्रशस्त हुनेगरी इजराइलले प्यालेस्टिनी क्षेत्रमा गरेको कब्जा अवैध हो भनी घोषणा गर्नुपर्ने बताउनुभयो ।

# सन् २०३५ सम्ममा भारतसँग अन्तरिक्षमा आफ्नो स्टेसन हुनेछ : मोदी

तिरुवनन्तपुरम (भारत), १५ फागुन (रासस/एएनआई)।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले मङ्गलबार सन् २०३५ सम्म मुलुकसँग आफ्नो अन्तरिक्ष स्टेसन हुने र यसले त्यहाँको अज्ञात विस्तारको अध्ययनमा सहयोग गर्ने बताउनुभएको छ ।

तिरुवनन्तपुरममा विक्रम साराभाई अन्तरिक्ष केन्द्र (भिएसएससी) मा एक भेलालाई सम्बोधन गर्दै उहाँले भारतीय अन्तरिक्ष यात्री आफ्नै रकेटबाट चन्द्रमाको सतहमा अवतरण हुने बताउनुभयो ।

“सन् २०३५ सम्ममा भारतसँग अन्तरिक्षमा आफ्नै अन्तरिक्ष स्टेसन हुनेछ, यसले हामीलाई अन्तरिक्षको अज्ञात विस्तारको अध्ययनमा सहयोग गर्नेछ, अमृत कालको यो अवधिमा भारतीय अन्तरिक्ष यात्री हाम्रो आफ्नै रकेटमा चन्द्रमाको सतहमा अवतरण गर्नेछन्”, उहाँले भन्नुभयो ।

प्रधानमन्त्री मोदीले २१औँ शताब्दीमा भारत एउटा गतिशील वैश्विक खेलाडीका रूपमा उदाइरहेको बताउनुभयो । “२१औँ शताब्दीको भारतले आज आफ्नो क्षमताबाट विश्वलाई चकित बनाइरहेको छ, विगत १० वर्षमा हामीले करिब चार सय भू-उपग्रह प्रक्षेपण गरेका छौँ, त्योभन्दा १० वर्षअघि ३३ भू-उपग्रह मात्र प्रक्षेपण गरिएको थियो”, उहाँले भन्नुभयो ।

उहाँले गगनयान मिसनमा प्रयोग गरिएका उपकरण अधिकांश भारतमा बनेकामा खुशी प्रकट गर्नुभयो । “गगनयानमा प्रयोग गरिएका अधिकांश उपकरण भारतमा बनेको थाहा पाउँदा मलाई अत्यन्त खुशी लागेको छ, यो कस्तो ठूलो संयोग हो कि भारत विश्वको शीर्ष तीन अर्थतन्त्र बन्नका लागि अगाडि बढिरहेको छ, यही समयमा भारतको गगनयान पनि छ जसले हाम्रो अन्तरिक्ष क्षेत्रलाई नयाँ उचाइमा लैजाँदैछ”, उहाँले भन्नुभयो ।

प्रधानमन्त्री मोदीले सन् २०२४-२५ मा प्रक्षेपण हुने भारतको पहिलो मानव अन्तरिक्ष उडान गगनयान कार्यक्रम योजनाको हिस्सा हुने चार अन्तरिक्ष यात्रीको नाम पनि घोषणा गर्नुभयो । तिनीहरूमा भारतीय वायुसेनाबाट छानिएका चार पाइलट समूह क्याप्टेन प्रशान्त नायर, समूह क्याप्टेन अजीत कृष्णन, समूह क्याप्टेन अङ्गद प्रताप र विङ कमान्डर शुभांशु शुक्ला हुनुहुन्छ । चारै अन्तरिक्ष यात्रीलाई रुसको युरी गागारिन कस्मोनट ट्रेनिङ सेन्टरमा प्रशिक्षित गरिएको थियो ।

# वर्कसपमा विस्फोटमा परी मृत्यु हुनेको संख्या तीन पुग्यो

**दैनिक समाचारदाता**
**बारा, १५ फागुन ।**

बाराको निजगढमा शंकास्पद वस्तु विस्फोटमा परी मृत्यु हुनेको संख्या तीन पुगेको छ । तीन जना घाइतको उपचार भइरहेको छ ।

निजगढ नगरपालिका ७ मा रेशम मगरले सञ्चालन गरेको रोहित वर्कसपमा ग्याँस वेल्डिङ गर्ने क्रममा सोमबार मध्याह्न विस्फोट भएको थियो । विस्फोटमा परी घाइते भएका वीरगञ्ज ९ का रितु रजतको बयोधा अस्पतालमा उपचारका क्रममा मंगलबार बिहान निधन भएको छ ।

वर्कसप सञ्चालक ४५ वर्षका रेशम, भारतका राकेश जैसवाल र वीरगञ्ज ९ का रितु रजतको बयोधा अस्पतालमा उपचारका क्रममै सोमबार मृत्यु भएको थियो ।

तीन जना घाइतेको उपचार भइरहेको छ । निजगढका सूर्यबहादुर थापाको सामुदायिक प्रसूति गृह अस्पतालमा उपचार भइरहेको छ भने वीरगञ्जका फिरोद देवान र भारतका अरविन साहको बयोधामा उपचार भइरहेको छ ।

बारा प्रहरीका अनुसार घटनाको अनुसन्धानका क्रममा कवाडी किन्ने भारतका रमेश जैसवाल र निजगढका टिकाराम पाखिनलाई पक्राउ गरेको छ ।

# प्रभु बैंकका सिनियर डेपुटी सिइओ न्यौपानेसहित दश जना पक्राउ

काठमाडौँ, १५ फागुन (रासस) ।

केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) को टोलीले प्रभु बैंकका सिनियर डेपुटी सिइओ मनोज न्यौपानेसहित दश जनालाई पक्राउ गरेको छ ।

ऋण अपचलन गरेको अभियोगमा न्यौपानेसहित दश जनालाई मंगलबार पक्राउ गरिएको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) का प्रवक्ता तथा प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले जानकारी दिनुभयो ।

"दश जनालाई नियन्त्रणमा लिएका छौँ", उहाँले भन्नुभयो, "अहिले छानबिन जारी छ । छानबिन सकिएपछि सबैको नाम सार्वजनिक गर्छौं ।"

# अनुसन्धान र अभियोजनमा ढिलासुस्ती नगर्न अख्तियालाई लेखा समितिको निर्देशन

काठमाडौँ, १५ फागुन (रासस) ।

सार्वजनिक लेखा समितिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका उजुरीको अनुसन्धान तथा मुद्दा दायर प्रक्रिय सुस्त भएको जनाउँदै अनुसन्धान र अभियोजनका काममा शीघ्रताका साथ अघि बढाउन निर्देशन दिएको छ । साथै समितिले गैरआर्थिक क्रियाकलापलाई पनि अनुसन्धान गरी कारबाहीको दायरामा ल्याउन आयोगलाई निर्देशन दिएको छ ।

मंगलबारको बैठकमा समितिबाट यसअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई भएका निर्देशनको कार्यान्वयनको अवस्थाका बारेमा छलफल भएको थियो । छलफलका क्रममा समिति सदस्यहरुले आयोगमा वर्षौंदेखिका उजुरी थन्किरहेको र त्यसको अनुसन्धान तथा अभियोजनको प्रक्रिया सुस्त देखिएको भन्दै प्रश्न उठाउनुभएको थियो ।

समितिमा छलफलपछि निर्देशन दिनुहुँदै सभापति ऋषिकेश पोखरेलले भन्नुभयो, "समितिले विभिन्न मितिमा दिएका कतिपय निर्देशन कार्यान्वयनमा ढिलाइ भएको देखियो । उजुरी फछ्र्योट, अनियमितता तथा अख्तियारको दुरुपयोगका घटनामाथि आयोगबाट शीघ्र कार्यसम्पादन गर्न/गराउन यो समितिबाट निर्देशन दिने निर्णय भएको छ ।"

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गर्ने अनुसन्धानका क्रममा विदेशस्थित विभिन्न सङ्घसंस्था तथा निकायबाट सूचना लिन आवश्यकपर्ने भएकाले त्यसको कानुनी सहजताका लागि पहल थाल्न सरकारलाई समितिले दिर्नेशन दिएको छ । विदेशी कम्पनी तथा निकायबाट सूचना लिन जटिल देखिएका कारण सहजरुपमा सूचना पाउने स्थिति बनाउन सम्बन्धित देशसँग द्विपक्षीय सम्भौता गर्न समितिले सरकारलाई निर्देशन दिएको हो ।

बैठकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले सार्वजनिक लेखा समितिबाट अख्तियारलाई लेखिपठाएका निर्देशनको कार्यान्वयनको अवस्थाबारे जानकारी गराउनुभएको थियो ।

तारागाउँ विकास समितिको जग्गासम्बन्धी विषय अख्तियारमा पुगेकामा अनुसन्धान टुङ्ग्याएर थप कारबाहीका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाइएको उहाँले जानकारी दिनुभयो । नेपाल वायुसेवा निगमको 'वाइडबडी' विमान खरिद प्रकरणको अनुसन्धान अन्तिम चरणमा रहेको उहाँले बताउनुभयो । वाइडबडी विमान खरिदका क्रममा भएको आर्थिक अनियमितताबारे अनुसन्धान थाल्दा विदेशस्थित विभिन्न सङ्घसंस्था तथा निकायबाट पनि सूचना प्राप्त गर्नुपर्ने भए पनि सम्बन्धित देशसँग सूचना आदानप्रदानसम्बन्धी द्विदेशीय सम्भौता नभएका कारण त्यसमा समस्या भएको प्रमुख आयुक्त राईले गुनासो गर्नुभयो ।

सुरक्षण मुद्रण (सेक्युरिटी प्रिन्टिङ प्रेस) खरिद प्रकरण, चमेलिया जलविद्युत् आयोजना, वैज्ञानिक वन व्यवस्थापनसम्बन्धी, प्रिमियम मूल्यमा शेयर जारी गर्न दिने नेपाल धितोपत्र बोर्डको निर्णयविरुद्धको मुद्दालगायत आयोगले गरेका कामकारबाही र जारी अनुसन्धानबारे जानकारी दिनुभएको थियो ।

## राजबिराज नगरपालिका
### १ नं. वडा कार्यालय
### राजबिराज, सप्तरी
### मधेश प्रदेश, नेपाल

प.स. २०८०/०८१
च.न. ११९८ मिती :- २०८०।११।१५

विषय: - सुचना सूचना सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं.२ हाल १ बस्ने मुसहरनिया बतिले तर्पासलका जग्गाहरु नमसारी गर्न सिफारिश गरि पाउँ भनि मिति २०८०।११।१५ गते मा द.न.११७१को निबेदन दिएको हुदाँ सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५.दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ ।

तमसिल

जिल्ला सप्तरी रा.वि.न.पा.वा.नं.२ हाल १ बस्न तनुक लाल मोची नाउ दर्ताको जग्गाहरु

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | राजविराज | ४ | ११६ | ०-०-११ |
| सप्तरी | राजविराज | ४ | १६५ | ०-१-१६ |

जिल्ला सप्तरी रा.वि.न.पा.वा.नं.२ हाल १ बस्न लखिया बति चमैन नाउ दर्ताको जग्गाहरु

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | राजविराज | ४ | २२८ | ०-२-० |
| सप्तरी | राजविराज | ४ | १६३ | ०-४-१३ |

जिल्ला सप्तरी रा.वि.न.पा.वा.नं.२ हाल १ बस्न सोनाई मोची नाउ दर्ताको जग्गाहरु

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | राजविराज | ४ | १९३ | ०-३-१७ |
| सप्तरी | राजविराज | २ | २८४ | ०-२-१६ |

शिव दत्त साह
नि.वडा अध्यक्ष
रा.वि.न.पा.वडा नं.-१

शिव दत्त साह

# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**


# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**

**राजगढ गाउँपालिका, सप्तरी**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*